## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

### प्रथम पटक प्रकाशित मिति २०८३-०५-०९

यस मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर उर्लावारी मोरङ्गको प्राङगणमा रहेको सशुल्क चमेना गृह (क्यान्टिन) सञ्चालन प्रयोजनार्थ आ.व. २०८३-०८४ को लागि दरभाउपत्रको माध्यमबाट भाडामा लगाउनु पर्ने भएकोले इच्छुक फर्म/संस्था/कम्पनीबाट तपशिलका शर्तहरुको अधिनमा रही दरभाउ पत्र पेश गर्नहुन यो सुचना प्रकाशित गरिएको छ ।

| सि.नं. | बिबरण | न्यूनतम् कवोल अंक | बिड फि रकम रु. | बिड बण्ड रकम रु. | दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १. | चमेना (Canteen) गृह संचालन | रु.१६,०००.०० मासिक | रु.१०००.०० | रु.५३७६.०० | मिति २०८३/०५/१६ दिनको १२.०० बजे | मिति २०८३/०५/१६ दिनको १३.०० बजे |

तपसिल

१.दरभाउपत्र खरिद गर्न दरभाउपत्रदाताले

- ❖ चालु आ.व.२०८३-०८४ को नविकरण भएको इजाजत पत्र
- ❖ फंम संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- ❖ मु.आ.क. दर्ता प्रमाणपत्र प्यान(एब्ल्) प्रमाणको प्रतिलिपि
- ❖ आ.व २०८१-०८२ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपी
- ❖ दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित कागजात कारबाहीमा आफ्नो स्वर्थ नवाझिएको र सम्बन्धित पेशा र व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नभएको भनी लिखित रुपमा गरेको घोषणको प्रति संलग्न राखी निवेदन दिई खरिद कार्यमा भाग लिन सकिने छ ।
- ❖ बिड फि तिरेको बैङ्क भौचर
- ❖ बीड बण्ड बापत रकम जम्मा गरेको भौचर ।

२. दरभाउपत्र फारम सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp बाट डाउनलोड गर्न सकिनेछ ।

३.दरभाउपत्र फाराम मिति २०८३-०८-१६ गते दिउँसो १२ बजे भित्रमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp मा अपलोड(दर्ता) गर्नु पर्नेछ । रितपूर्वक दर्ता भएका दरभाउपत्रहरु सोही दिनको १३.०० बजे (सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन) सम्बन्धीत दरभाउपत्रदाताहरुको रोहवरमा (उपस्थित नभए पनि खोलिने) यस मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर उर्लावारी मोरङमा खोलिनेछ ।

४. चमेना गृह संचालकले सम्झौता पत्रमा उल्लेखित संलग्न लिष्ट अनुसारका परिकारहरु मध्ये कर्मचारीहरुद्वारा माग गरे बमोजिम तातो, सफा तथा स्वस्थ खाना उपलब्ध गराउनु पर्नेछ ।

५. चमेना गृह संचालन गरे वापत अस्पताल हातामा उत्पन्न हुने फाहोर मैलाको व्यवस्थापन स्वयं सन्चालकले नै गर्नुपर्ने छ ।

६. सम्झौतामा उल्लेखित खाद्य परिकारहरु राम्रोसँग व्यवस्था मिलाई उपलब्ध गराउनु पर्नेछ । उपलब्ध गराउने परिकारहरु स्वादिष्ट, ताजा र स्वास्थ्यकर हुनु पर्नेछ ।

७. सम्झौतामा उल्लेख गरिएका सबै परिकारहरु चमेना गृहमा राख्नु पर्नेछ । चमेना गृहमा आउने पाहुनाहरुले माग गरे पछि त्यस्ता परिकारहरु उपलब्ध गराउने जिम्मेवारी सञ्चालकको हुनेछ ।

८. कामदारले लगाउने लुगा/एप्रोन सफा हुनु पर्दछ ।

९. सञ्चालकले चमेना गृहमा रहेका सम्पूर्ण सामान, उपकरणहरुको साथै भुँई, भित्ता, वास वेसिन, झ्याल, ढोका तथा चमेना गृह वरिपरी पनि सरसफाई गरी स्वच्छ, सफा, सुन्दर र आकर्षक वातावरणमा राख्नु पर्नेछ ।

१०. सञ्चालकले चमेना गृह खाद्य स्वच्छताको आधारमा होटल रेस्टुरेन्ट स्तरिकरण गर्ने सम्बन्धी निर्देशिका, २०७४ मा भएका व्यवस्थाहरुको आधार पूर्ण पालना गर्नुपर्नेछ ।

११. क्यान्टिन सन्चालन प्रयोगनार्थ पानी तथा विजुली खपत गरे बापतको शुल्क सम्बन्धीत क्यान्टिन सन्चालन कर्ताले नै वेहोर्नू पर्ने छ ।

१२. दरभाउपत्रदाताले सम्झौता गर्न आउदा जमानत बापत आपूले कबोल गरेमो रकम ३ महिना बराबर हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयको धरौटी खाता नं. २१२०१००२०२०३०००० मा जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्ने छ

१३. प्रत्येक महिनाको भाडा महिना भुक्तान भएको मितिले ७ दिन भित्र जम्मा गरिसक्नु पर्नेछ । ७ दिन देखि १५ दिन सम्म ढिलो गरेमा १० प्रतिशत अतिरिक्त शुल्क थप गरि जम्मा गर्नु पर्नेछ । १५ दिन देखि ३० दिन सम्म ढिला गरेमा २५ प्रतिशत अतिरिक्त शुल्क थप गरि जम्मा गर्नु पर्नेछ र सो भन्दा ढिला गरेमा जमानत बापत राखेको ३महिना को धरौटी बराबरको धरौटी रकम जफत गरी सम्झौता भंग गरीनेछ र दोस्रो दरभाउपत्रदातासँग सम्झौता प्रकृया अगाडी बढाईनेछ ।

१४. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा नेपालमा प्रचलित कानून बमोजिम हुनेछ।

१५. दरभाउपत्रदाताले दरभाउपत्र दाखिला गर्नु अघि आफुले प्रदान गर्नु पर्ने सेवाको लागि क्षेत्र, भवन र आवश्यक उपलब्ध सामानहरु कार्यालय भित्र निरीक्षण गर्न सक्ने छन् ।

१६. दरभाउपत्र पेश गर्नु अघि दरभाउपत्रदाताले उल्लेखित सबै गर्नु पर्ने कार्य तथा स्थानहरुको निरीक्षण गरिसकेको मानिनेछ ।पछि दरभाउपत्रदाताले यस सम्बन्धमा कुनै किसिमको अनभिज्ञता प्रकट गर्न पाउने छैन ।

१७.व्यक्तिगत पान नं बाट दरभाउपत्र दर्ता गरेमा उक्त दरभाउपत्रदाताको दरभाउपत्र मूल्याङ्कनमा समावेश गरिने छैन ।

१८.न्यूनतम मासिक भाडारु.१६०००.००भन्दा माथि सबै भन्दा बडी मासिक भाडा बोल कबोल गर्ने , रीत पूर्वक पर्ने आएका दरभाउपत्रहरुको दरभाउपत्र स्वीकृत गरिनेछ ।

१९.अन्य शर्तहरु स्वीकृत भएको दरभाउपत्र दातासँग सम्झौता पत्रमा समावेश गरिने छ ।

२०.बिड फि बापतको रकम राष्ट्रिय बाणिजय बैङ्क लि को खाता नं१०००१००२०१०१०००१शिर्षक नं.१४२२९ कार्यलय कोड ३७००२१३०११ मा जम्मा गरी भौचर समेत संलग्न राख्ने ।